म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५ आइतबार, ८ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 24 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका
साझाकुरा
साझाकुरा राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## सवारी दुर्घटनामा कविताको मृत्यु

हेटौंडा, ७ भदौ/हेटौंडा-९ पशुपतिनगरस्थित पूर्वपश्चिम राजमार्गमा शनिबार साँझ ५ बजेतिर भएको सवारी दुर्घटनामा बीरगंज-१३ मुर्लीकी ४३ वर्षीया कविता जोशी श्रेष्ठको निधन भएको छ । रातोमाटेबाट हेटौंडातर्फ आउदै गरेको बा.प्र.०२-०४५ प ५५९७ नं. को मोटरसाइक्ल र हेटौंडाबाट रातोमाटेतर्फ जाँदै गरेको बा.प्र.०३-००५ प ९०६९ न.को मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनामा बा.प्र.०३ ००५ प ९०६९ न.को मोटरसाइकल चालक पर्साका बीरगंज-१३ मुर्ली बस्ने वर्ष ४८ को प्रवीण श्रेष्ठ र निजकी श्रीमती कविता जोशी घाइते भएका थिए । कविता जोशीलाई हेटौंडाबाट रातोमाटेतर्फ जादै गरेको ना ७ ख ५०१० न.को बसले समेत ठक्कर दिएको मकवानपुरका प्रहरी प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् । गम्भिर घाइते भएका दुवै जनालाई उपचारको लागि हेटौंडा अस्पताल पठाएकोमा पछाडि सवार जोशीको उपचारको क्रममा मृत्यु भएको र शव हेटौंडा अस्पतालमा रहेको प्रहरीले जनाएको छ ।

### ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव

# सम्भाव्यता अध्ययन गर्न अनुमति

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति लगानी बोर्डले सम्भाव्यता अध्ययन गर्न अनुमति दिने निर्णय गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको लगानी बोर्ड बैठकले पहिलोचरणमा काठमाडौंदेखि हेटौंडासम्म मात्र पोडवेको सम्भाव्यता अध्ययन गर्न दिने निर्णय गरेको हो । बैठकमा काठमाडौंदेखि हेटौंडा हुँदै वीरगञ्जसम्म ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव गरिएको थियो । यसको लागि ७१ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । लगानी बोर्डका प्रवक्ता एवम् सहसचिव प्रध्युम्नप्रसाद उपाध्यायका अनुसार काठमाडौं पोडवे कम्पनी प्रालिले गत हप्ता प्रारम्भिक प्रस्ताव पेस गरेको हो । कम्पनीका सञ्चालकहरुले पोडवेको सम्भावना र लगानीबारे बोर्डमा विस्तृत प्रस्तुति दिएका छन् ।

कम्पनीले हेटौंडादेखि काठमाडौंसम्म पुरानो रोपवेको लाइन प्रयोग गर्ने र हेटौंडा-वीरगन्ज खण्डमा नयाँमार्ग निर्माण गर्ने योजना प्रस्तुत गरेको छ । प्रारम्भिक अध्ययन अनुसार पोडवेको सम्भाव्यता मूल्यांकन गर्न करिब दुईवर्ष लाग्ने बताइएको छ । सरकारले पनि चालु आर्थिक वर्षको बजेटमार्फत पोडवे जस्ता वैकल्पिक यातायात प्रविधि विकास गर्ने नीति अघि सारेको छ । उपप्रधान एवम् अर्थमन्त्री बिष्णु पौडेलले बजेट वक्तत्वमार्फत यस्तो घोषणा गरेका हुन् ।



राणा प्रधानमन्त्री चन्द्र शमशेरले वि.सं १९८२ मा मक्वानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातीर्थ सम्मको २२ किलोमिटरमा रोप-वे लाइन निर्माण गराएका थिए । सोही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेको थियो । यो रोप-वेलाई जुद्धशम्शेरले हेटौंडादेखि धोर्सिङसम्म र टेकुस्थित भन्सार कार्यालयसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ किलोमिटर हुन पुगेको थियो ।

वि.सं २०११ मा आएको बाढीले गर्दा धोर्सिङको पावरहाउसमा क्षती पुगेसँगै यो बन्द हुन पुगेको थियो । त्यसपछि सरकारले पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा यो रोप-वे विस्तारको योजना बनाएको थियो । अमेरिकाको रिब्लेट ट्रामवे कम्पनीको सहयोगमा वि.सं २०१६ सालबाट ६४ लाख अमेरिकी डलरमा यसको विस्तारको कार्य थालिएको थियो । वि.सं २०५४ सालमा रोप-वेको भैसेस्थित सबस्टेसनमा समस्या आएर ट्रान्सफर्मर बिग्रिएको थियो र रोपवे पूर्णरुपमा बन्द भएको थियो । वि.सं २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा मन्त्रि परिषद्बाट रोप-वेको खारेजीको निर्णय भएको थियो ।

**के हो पोडवे ?**

पोडवे तारमा आधारित उन्नत यातायात प्रविधि हो । यो केबलकारको विकसित स्वरुप हो । यसलाई रेलको पछिल्लो र अत्याधुनिक संरचनाका रुपमा लिइन्छ । सार्वजनिक यातायातका क्षेत्रमा विकास गरिएको नयाँ प्रविधिकारुपमा यसलाई लिइएको छ । हाल यूएई र बेलारुसले पोडवे सञ्चालन गरिरहेका छन् । भारतमा पनि सञ्चालनका क्रममा छ । बिजुलीको प्रयोग गरी यो सञ्चालन गर्न सकिने भएकाले पेट्रोलियम पदार्थको आयातमा वार्षिकरुपमा खर्च हुने ठूलो विदेशी मुद्रा जोगिनेछ । मेट्रोरेलको जस्तै सुविधा दिने पोडवेको गति प्रतिघण्टा १५० किलोमिटरबराबर हुने जनाइएको छ । भारतमा सञ्चालित रेलको गति १०० किलोमिटर प्रतिघण्टा बराबर छ ।

पोडवे सञ्चालनका निम्ति छुट्टै ट्र्याक आवश्यक पर्छ । स्वचालित प्रविधिमा आधारित भएकाले पनि यसका निम्ति छुट्टै मार्ग निर्माण गर्नुपर्ने हुन्छ । यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै संरचना तयार गर्नुपर्छ । केबलकारमा जस्तै पोडवे स्टेसनमा रोक्ने तथा झर्ने समयमा स्वचालित सुविधा हुन्छ । एउटा पोडमा एकपटकमा ४२ यात्रुले यात्रा गर्न सक्छन् । एक घण्टाको समयमा ५० हजार जनाले आवतजावत गर्न सक्ने यसको क्षमता हुन्छ । यसबाट समयको बचत हुने र बिजुलीबाट चल्ने भएकाले वातावरण संरक्षणमा योगदान पुग्ने बताइएको छ ।

सरकारले ०८० मंसिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पोडवे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरेको छ । लुम्बिनी विकास कोषले २०८० मंसिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) यथाशीघ्र पेस गर्न आग्रह गरेको थियो । लामो अध्ययनपछि विश्वमा सन् २०२० मा मात्र यो प्रविधिले मान्यता पाएको हो ।

यसबाट एकपटकमा ४८ टनसम्म सामान ढुवानी गर्न सकिन्छ । यो सेवा निर्माणमा केबलकारभन्दा निकै सस्तो पर्न जान्छ । केबलकार निर्माण लागतको ५० प्रतिशत, मेट्रोरेलको चार र मोनोरेलको २० प्रतिशतमा पोडवे बनाउन सकिन्छ । १०० किलोमिटर पोडवे निर्माणमा करिब ४० अर्ब रुपैयाँबराबर खर्च हुने अनुमान गरिएको छ ।

# सभ्यता जगेर्ना प्रदेश सरकारको प्रमुख दायित्वः मुख्यमन्त्री बानियाँ

हेटौंडा, ७ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले सभ्यताको स्रोत बागमती नदीलाई पुरानै निर्मल र कञ्चन स्वरुपमा फर्काउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले बागमती प्रदेश सरकारले सभ्यता जगेर्ना, नदी सफाइ र सौन्दर्यीकरणलाई प्रमुख दायित्वको रुपमा लिएको बताए । शनिबार काठमाडौंमा आयोजित बागमती करिडोर कुपन्डोलमा २५ औं बागमती रिभर फेष्टिभल समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले नदी प्रणाली मानव सभ्यताको आधार भएको र बागमती नदीको किनारमा नै मानवसभ्यताको विकास भएको स्मरण गराए । प्रदेशको नाम नदीको नामबाट राख्नुले यसको संरक्षण र संवर्द्धनमा सरकारको थप जिम्मेवारी बढेको उनको भनाइ थियो ।



उनले संघीयता र गणतन्त्रको मर्मअनुसार बागमती नदीको सभ्यतालाई पुनर्जीवन दिनु आवश्यक रहेकोमा जोड दिए । बागमती नदी नेपालको सांस्कृतिक र ऐतिहासिक पहिचानसँग मात्र नभई बागमती प्रदेशको नामसँग समेत जोडिएकोले यसको संरक्षण गर्नु सरकार र नागरिक सबैको साझा जिम्मेवारी भएको उनले बताए । सुन्दरीघाटलाई सुन्दर बनाउने अभियानमा स्थानीयको सहभागिता, विशेषगरी महिलाको भूमिकाको प्रशंसनीय रहेको उनले बताए । प्रदेश सरकारले बागमतीलाई सफा गर्न द्रुतगतिमा काम गर्ने र यसका लागि प्रदेशसभा सदस्यलगायत सबै पक्षसँग सहकार्य भइरहेको उनको भनाइ छ ।

'मान्छेको सभ्यताको विकास नदीप्रणालीबाटै भएको हो । यही सभ्यता र साझा पहिचानलाई सम्मान गर्दै कुनै जात, धर्म वा समुदायसँग नजोडी सबैको साझा सम्पत्तिको रुपमा प्रदेशको नाम बागमती राखिएको हो' उनले थपे, 'हिजोको जस्तै निर्मल र कञ्चन बागमतीलाई फेरि त्यही रुपमा फर्काउन सरकारले कुनै कसर बाँकी राख्ने छैन । यो हाम्रो दायित्व हो र हामी यसलाई पूरा गरेरै छाड्छौं ।'


# चुरियामाई सुरुङमार्ग घुम्न आउनेको संख्या बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/दक्षिण एसियाकै पहिलो सुरुङमार्ग मानिएको हेटौंडा उपमहानगरपालिका-१५ स्थित चुरियामाई सुरुङमार्ग घुम्न आउनेको संख्या बढ्दै गएको छ । हेटौंडा उपमहानगरका अनुसार आठ महिनामा तीन हजारभन्दा बढीले सुरुङमार्ग अवलोकन गरेका छन् ।

सुरुङमार्ग अवलोकनका लागि धेरैजसो विद्यार्थी आउने गरेको सुरुङमार्गको व्यवस्थापन र सुरक्षामा खटिएका उपमहानगरप्रहरी प्रमुख नेत्रप्रसाद ढकालले जानकारी दिए । शुक्रबार, शनिबार र सार्वजनिक बिदाका दिन विद्यार्थी तथा सर्वसाधारणको संख्या बाक्लो हुने उनको भनाइ छ । लामो समयसम्म जीर्ण रहेको सुरुङमार्ग पुन:निर्माणपछि पर्यटकका लागि खुला गरिएको हो । कूल चार करोड ५७ लाखमा प्रदेश यातायात पूर्वाधार निर्देशनालयले सुरुङको पुन:निर्माण गरी व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको थियो । सुरुङमार्ग विसं २०८१ पुस ८ गते उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरिएको हो ।

हेटौंडा उपमहानगरका राजस्व शाखाप्रमुख मनोजकुमार सुवेदीले पर्यटकबाट एक लाख १७ हजार रुपैयाँ राजस्व संकलन गरिएको बताए । चालु आर्थिक वर्षको साउनमा मात्रै ४५५ जना पर्यटकले सुरुङमार्ग अवलोकन गरेको र त्यसबापत २० हजार ५५० राजस्व संकलन भएको छ ।



सुरुङमार्ग अवलोकनका लागि नेपालीलाई प्रतिव्यक्ति ५०, विदेशीलाई प्रतिव्यक्ति १०० रुपैयाँ र विद्यार्थीलाई प्रतिव्यक्ति २० रुपैयाँ निर्धारण गरिएको छ । मधेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुरको सीमानामा रहेको सुरुङमार्ग विसं १९७४ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा निर्माण गरिएको थियो ।

सुरुङमार्गबाट विसं २०२० सम्म सवारिसाधन सञ्चालन हुँदै आएका थिए । सुरुङमार्गको विसं २०७९ वैशाख १९ गते जीर्णोद्धार सुरु भएको थियो । १०६ वर्ष पुरानो सुरुङ पुन:निर्माण गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले माउण्टेन इन्फ्रा कम्पनीसँग ३ करोड ३६ लाख १३ हजार रुपैयाँको लागत सम्झौता गरेको थियो । सुरुङको पुन:निर्माण २०७९ वैशाखसम्म सक्ने भनिएता पनि पटक-पटक म्याद थपियो । श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इञ्जिनियर डिल्लीजङ थापाले सुरुङमार्ग निर्माण गरेका थिए ।

सुरुङ नेपाली प्रविधि प्रयोग गरेर थापाले निर्माण गराएका थिए । करिब ५ सय मिटर लामो सुरुङ मकवानपुरतर्फ प्रवेश गरेर बारा पुगिन्थ्यो । त्यतिबेला भारतबाट हेटौंडा-भीमफेदी हुँदै काठमाडौं पुऱ्याउने साना सवारीसाधन ल्याउन सुरुङ बनाइएको थियो ।

प्रजातन्त्र पुन: स्थापनापछि त्रिभुवन राजपथ बनेर ठूला-ठूला सवारीसाधन भित्रिएपछि सुरुङ छेवैबाट चुरेपहाड फोडेर सडक बनाइएको थियो । सडक निर्माण भएपछि सुरुङ प्रयोगमा आएन र लामो समयदेखि सुरुङ भग्नावशेष भयो ।

# सीमखोलाको बेलिब्रिजबाट गुड्न थाले सवारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सीमखोलामा निर्माण गरिएको बेलिब्रिजबाट साना सवारी साधन आउजाउ गर्न थालेका छन् ।

पुल भएर ६ टनसम्मका सवारीसाधन आउजाउ गर्न दिइएको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख नबीन सिंहले बताए । उनका अनुसार हेभी सवारी साधनलाई भने रोक लगाइएको छ । ४० दिनमा सबै काम सम्पन्न गरेर सवारीसाधन सञ्चालन गर्न थालिएको हो । भैंसे-भीमफेदी सडकखण्डमा प्रयोगविहीन अवस्थामा रहेका २ वटा बेलिब्रिज झिकेर सीमखोलामा जडान गरिएको हो । यसका लागि ३० जना प्राविधिक र कामदार खटेका थिए ।

पुलको दायाँबायाँ अर्थात् पहुँचमार्ग नै बगाएकाले बेलिब्रिज राखिएको हो । बेलिब्रिज राख्न, पक्की पहुँच मार्ग बनाउन र पुल वरिपरिको क्षतिग्रस्त सडक निर्माण गर्न गौरव इन्जिनियरियर्स प्रालिले एक करोड ८८ लाख रुपैयाँमा ठेक्का लिएको थियो ।

गत असोज ११ र १२ को भारी वर्षासँगै कुलेखानी भरिएपछि 'ओभर फ्लो' रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सीमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो । बेलिब्रिज सञ्चालन नआउँदासम्म खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# बिधेयक सदनमा शिक्षक सडकमा

नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा विधेयकमा सहमतिअनुरुप सम्बोधन हुन नसकेको भन्दै पुन: आन्दोलन गर्ने भएको छ । शुक्रबार महासंघले पत्रकार सम्मेलन गर्दै पहिलोचरणका आन्दोलन कार्यक्रम सार्वजनिक गरेको हो । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विधेयक सकारात्मक रहेपनि शिक्षक कर्मचारीका सरोकार र विगतका सहमतिमा रहेका विषय सम्बोधन हुन नसकेको बताएका छन् । केही अन्य विषयमा विधेयक सकारात्मक रहेपनि शिक्षक कर्मचारीका सरोकार र विगतका सहमतिमा रहेका विषय सम्बोधन हुन सकेका छैनन् । अस्थायी प्रकृतिका शिक्षकको स्थायित्वका लागि तोकिएको आन्तरिक परीक्षाको प्रतिशत सहमति (७५ प्रतिशत आन्तरिक) अनुसार नहुनु, गोल्डेन हेन्डसेक अन्तर्गत किटान गरी नतोकिनु, स्थायी शिक्षकको आवधिक बढुवाको प्रबन्ध समावेश नहुनुलगायतका विषय सम्बोधन नभएको महासंघले जनाएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८२ वैशाखबाट सुरु हुने नयाँ शैक्षिकसत्रको भर्ना अभियान योजना बनाउँदै गर्दा शिक्षकले काठमाडौं केन्द्रित आन्दोलनमा थिए । भर्ना अभियानको मुख्य सरोकार राख्ने शिक्षकहरु त्यतिबेला 'बार कि पार' को आन्दोलनमा सडकमा थिए ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भर्ना अभियानको योजना बनाएर फाइल मन्त्रालयमा पठाइरहँदा देशभरका शिक्षक आन्दोलनमा उत्रिएपछि विद्यालयको सबै गतिबिधि ठप्प भएको थियो । वार्षिक परीक्षा सकेर शिक्षक आन्दोलनमा होमिएपछि नतिजा प्रकासनमा पनि समस्या भएको थियो । महासंघले गत चैत २५ गतेदेखि आम शैक्षिक हड्ताल घोषणा गरेको थियो । माध्यमिक शिक्षा परीक्षा (एसईई) पनि केही समय पछि सार्नु परेको थियो । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) ले प्रस्तावित शिक्षा विधेयक संशोधनको माग गर्दै आन्दोलनमा होमिएको छ । शिक्षा विधेयकमा निजी विद्यालयलाई एकतर्फी गैरनाफामूलक बनाउने प्रावधान गरेको भन्दै त्यसमा संशोधन गर्नुपर्ने माग गरिएको प्याब्सनले जनाएको छ । विद्यालय शिक्षा विधेयकको प्रतिवेदन प्रतिनिधिसभामा पेस भएको छ । शुक्रबारको बैठकमा प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, विज्ञान तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विधेयकको प्रतिवेदन पेस गरेका हुन् । प्रतिवेदन पेस गर्दै सभापति थापाले सरोकारवाला सबै पक्षसँग औपचारिक तथा अनौपचारिकरुपमा छलफल गर्दै विधेयकलाई समृद्ध बनाइएको बताएका छन् । संसद् बैठकमा नेपाली कांग्रेसका सांसद एनपी साउदले सरोकारवाला पक्षका असन्तुष्टि सम्बोधन गरेरमात्रै सबैलाई स्वीकार्य हुने गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनको विधेयक, २०८० अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा उनले शिक्षाक्षेत्रको समग्र सुधार बिना मुलुकको समृद्धि सम्भव नहुने भएकाले विधेयक निर्माणमा सरकार गम्भीर हुन आवश्यक रहेको बताए ।

सरकारले तत्काल देखिएका असन्तुष्टिलाई सम्बोधन गरी सबैलाई स्वीकार्य हुने गरी विधेयक अगाडि बढाउन आवश्यक देखिन्छ । शिक्षा क्षेत्रको समग्र सुधार बिना मुलुकको समृद्धि सम्भव हुँदैन। त्यसकारण यो विषयमा सरकार गम्भीर हुन जरुरी छ । लामो समयको प्रतिक्षापछि विषयगत समितिले विधेयकको प्रतिवेदन पारित गरेको छ । शिक्षा विधेयकले संघीय संरचनाअनुसार विद्यालय शिक्षालाई कानुनीरुपमा व्यवस्थित गर्दै आधारभूत शिक्षा सुनिश्चित र निजी विद्यालय नियमन गर्ने लगायतका प्रावधान सकारात्मक भएको धारणा सत्तापक्षको हो । तर, सरोकारवालाको व्यापक असहमतिकाबीच विगतमा सरकारले गरेका सम्झौताहरुको बेवास्ता गरी अगाडि बढाउदा व्यापक असन्तुष्टि देखिएका छन्, । २० औं वर्षदेखि कार्यरत अस्थायी प्रकृतिका राहत, साविक उच्चमावि, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको न्यायोचित व्यवस्थापन गर्ने दायित्वबाट सरकार पन्छिन खोजेको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ९ गते सोमबार २५ अगष्ट २०२५ । द्वितीया, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:४०, सूर्यास्त ६:३०। तीजको दर खाने

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# हवाई सुरक्षाको पुन: अखदल परिभाषा खोजिरहेको अन्तर्राष्ट्रिय विमानस्थल



✍ प्रकाश शर्मा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नेपालको अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वार मात्र होइन, यो देशको प्रतिष्ठा र सुरक्षाको ऐना पनि हो । तर, हालैका दिनमा यो विमानस्थल मानव तस्करीको एउटा प्रमुख केन्द्र बन्दै गएको तथ्यले नेपाली समाजमा गम्भीर चिन्ता र बहसको विषय बनेको छ । अध्यागमन विभाग अन्तर्गतको विमानस्थल कार्यालयमा भिजिट भिसाको दुरुपयोग गरी मानिसहरूलाई अवैध तरिकाले विदेश पठाउने गरेको खुलासाले विमानस्थलको सुरक्षा व्यवस्था र यसमा संलग्न निकायहरूको विश्वसनीयतामाथि गम्भीर प्रश्नचिह्न खडा गरेको छ । यो अवस्थाले नेपालको अन्तर्राष्ट्रिय छविमा नकारात्मक असर पार्नुका साथै समग्र हवाई सुरक्षाको अवधारणामाथि नै चुनौती थपेको छ । यस्तो संवेदनशील विषयमा सरोकारवाला निकायहरूको मौनता झनै चिन्ताजनक छ । एकातिर नयाँ अन्तर्राष्ट्रिय विमानस्थलहरू सञ्चालन गर्ने तयारी भइरहेको छ भने अर्कोतिर विद्यमान विमानस्थल नै बदनामीको बाटोमा अग्रसर हुनुले नेपालको नागरिक उड्डयन क्षेत्रको सुरक्षा र सुशासनमाथि नै गम्भीर प्रश्न उठेको छ ।

नेपालमा मानव तस्करीको समस्या लामो समयदेखि विद्यमान छ, तर पछिल्ला केही वर्षमा यसले नयाँ र डरलाग्दो रूप लिएको समाचारहरू बाहिरिएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यसको एउटा प्रमुख ट्रान्जिट प्वाइन्ट बनेको छ । भिजिट भिसामा विदेश जाने, तर त्यहाँ पुगेर काम गर्ने उद्देश्य राख्ने नेपालीहरूको संख्या ठूलो छ । यसका लागि तस्करहरूले विभिन्न अवैध संयन्त्रहरू प्रयोग गर्छन् । अध्यागमन र वायुसेवाका कर्मचारीहरूसँगको मिलेमतो, नक्कली कागजातको प्रयोग र प्रलोभनमा पारेर सोझासाझा मानिसहरूलाई विदेश पठाउने जस्ता गतिविधि सामान्य बन्न पुगेका छन् । यसरी भिजिट भिसामा विदेश गएर अलपत्र पर्ने, बेचिने वा यौन शोषणमा पर्ने घटनाहरू दैनिकजसो सार्वजनिक भइरहेका छन् ।

यसले पीडित व्यक्ति र तिनका परिवारको जीवनमा मात्र होइन, सिंगो राष्ट्रको मर्यादामाथि पनि आँच पुऱ्याएको छ । विमानस्थलका कर्मचारीहरूले घुस लिएर यस्ता गतिविधिको लागि अनुमति दिने गरेको खुलासाले सरकारी संयन्त्रभित्रको भ्रष्टाचार र बेथितिको भयावह चित्र प्रस्तुत गर्दछ । यसले कानून कार्यान्वयन गर्ने निकायहरू नै गैरकानूनी कार्यमा संलग्न भएको देखिनुले न्याय र सुशासनको अवधारणालाई नै चुनौती दिएको छ ।

### हवाई सुरक्षाको दायरा र मानव तस्करीको अप्रत्यक्ष प्रभाव

जब मानव तस्करी जस्तो सघन विषय विमानस्थलबाट भइरहेको छ, तब हवाई सुरक्षाको भूमिकामाथि गम्भीर प्रश्न उठ्छ । के हवाई सुरक्षाको दायरा केवल विमान र यात्रुको भौतिक सुरक्षामा मात्र सीमित हो? के मानव तस्करी जस्तो संगठित अपराधले हवाई सुरक्षामा कुनै प्रभाव पार्दैन? यी प्रश्नहरूले हवाई सुरक्षाको परम्परागत परिभाषामाथि पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । सामान्यतया, हवाई सुरक्षाको मुख्य उद्देश्य विमान, यात्रु, चालक दल र विमानस्थलका भौतिक संरचनाहरूलाई आतंकवाद, तोडफोड, अपहरण र अन्य गैरकानूनी हस्तक्षेपबाट सुरक्षित राख्नु हो । यसमा चेक-इन प्रक्रिया, लगेज जाँच, यात्रु स्क्रिनिङ, विमानको सुरक्षा जाँच र विमानस्थल परिसरको समग्र निगरानी पर्दछ । यद्यपि, मानवीय सुरक्षा, विशेषगरी मानव तस्करी जस्तो अपराधलाई अक्सर हवाई सुरक्षाको प्रत्यक्ष दायरा बाहिर नै राखेर हेर्ने गरिन्छ । तर, मानव तस्करीले परोक्ष वा प्रत्यक्ष रूपमा हवाई सुरक्षामा गम्भीर प्रभाव पार्न सक्छ ।

यदि विमानस्थलका कर्मचारीहरू भ्रष्टाचारमा लिप्त छन् र गैरकानूनी गतिविधिमा संलग्न छन् भने यसले समग्र सुरक्षा प्रणालीमा छिद्रहरू सिर्जना गर्छ । यस्ता छिद्रहरूलाई आतंकवादी वा अन्य आपराधिक समूहहरूले आफ्नो गैरकानूनी गतिविधिहरूका लागि दुरुपयोग गर्न सक्छन् । जब सुरक्षाकर्मीहरू घुसखोरीमा लिप्त हुन्छन्, उनीहरूको ध्यान भौतिक सुरक्षाका मापदण्डहरूबाट भट्किन्छ, जसले गर्दा विमानस्थलको संवेदनशील सुरक्षा घेरा कमजोर हुन्छ । मानव तस्करीमा प्राय: नक्कली परिचयपत्र, राहदानी र भिसाको प्रयोग हुन्छ । यदि यस्ता नक्कली कागजातहरू पत्ता लगाउन सकिँदैन भने यसले राष्ट्रिय सुरक्षामा समेत चुनौती खडा गर्छ । नक्कली कागजात प्रयोग गरी अपराधीहरू वा राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउन सक्ने व्यक्तिहरूले पनि विमानस्थलको प्रयोग गर्न सक्छन्, जुन हवाई सुरक्षाको लागि सबैभन्दा ठूलो खतरा हो ।

जब विमानस्थल मानव तस्करीको अखडा बन्छ, यसको अन्तर्राष्ट्रिय विश्वसनीयतामा गम्भीर धक्का पुग्छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) लगायतका नियामक निकायहरूले सुरक्षा र सुशासनका मापदण्डहरूलाई कडा रूपमा पालना गर्न आग्रह गर्छन् । यदि नेपालले यी मापदण्डहरूलाई बेवास्ता गर्छ भने यसले विदेशी एअरलाइन्सहरूलाई नेपालमा उडान गर्न निरुत्साहित गर्न सक्छ, जसले अन्तत: नेपालको पर्यटन र अर्थतन्त्रमा नकारात्मक असर पार्छ ।भ्रष्टाचार र गैरकानूनी गतिविधिले विमानस्थलमा कार्यरत इमानदार कर्मचारीहरूको मनोबल घटाउँछ र उनीहरूको व्यावसायिकतामा असर पार्छ । जब भ्रष्टाचार मौलाउँछ, योग्य र इमानदार कर्मचारीहरूले आफूलाई उपेक्षित महसुस गर्छन्, जसले समग्र सुरक्षा व्यवस्थामा नकारात्मक प्रभाव पार्छ ।

### नयाँ विमानस्थलहरूको जोखिम र मौनताको मूल्य

नेपाल नागरिक उड्डयन प्राधिकरण हवाई सुरक्षाको लागि जिम्मेवार प्रमुख नियामक निकाय हो । नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलको हवाई सुरक्षा व्यवस्थाको सुपरीवेक्षण र नियमन गर्दछ । तर, मानव तस्करी जस्तो गम्भीर मुद्दामा प्राधिकरणको भूमिका र प्रतिक्रिया त्यति सक्रिय देखिएको छैन । यस किसिमको मौनताले समस्यालाई थप बढावा दिएको छ । नेपालमा नयाँ अन्तर्राष्ट्रिय विमानस्थलहरू गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि सञ्चालनमा आएका छन् । यसले नेपालको हवाई यातायातमा नयाँ सम्भावनाहरू खोलेको छ । तर, यी नयाँ विमानस्थलहरू सञ्चालनमा ल्याउनुअघि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएका यी समस्यालाई नजरअन्दाज गर्दा नेपालको हवाई सुरक्षामा नकारात्मक असर पर्ने देखिन्छ । यदि विद्यमान समस्याहरूलाई समाधान गरिएन भने, यी नयाँ विमानस्थलहरू पनि यस्तै समस्याको शिकार बन्न सक्छन् । नयाँ पूर्वाधार निर्माणमा मात्र ध्यान केन्द्रित गर्दा सुरक्षा र सुशासन जस्ता आधारभूत पक्षहरूलाई बेवास्ता गरिनु दुर्भाग्यपूर्ण हुन्छ ।

### समस्या समाधानका लागि ठोस कदमहरू

विमानस्थल सञ्चालक नेपाल नागरिक उड्डयन प्राधिकरण र राजनीतिक नेतृत्वले विमानस्थलमा देखिएका यी चुनौतीलाई सम्बोधन गर्न विभिन्न कदम चाल्न सक्छन् । भ्रष्टाचार र गैरकानूनी गतिविधिमा शून्य सहिष्णुताको नीति अपनाउनु पहिलो आवश्यकता हो । यस्ता गतिविधिमा संलग्न कुनै पनि कर्मचारीलाई तत्काल कारबाही गरी कानूनको दायरामा ल्याउनुपर्छ । यसका लागि छुट्टै विमानस्थल सञ्चालन बोर्ड गठन जस्ता स्पष्ट कानून तर्जुमा अहिलेको आवश्यकता हो । यस्तो बोर्डले राजनीतिक हस्तक्षेपबाट मुक्त भई स्वतन्त्र रूपमा काम गर्न सक्नुपर्छ । प्रश्नै प्रश्नको घेरामा रहेको अध्यागमन प्रणालीलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाउनुपर्छ ।

बायोमेट्रिक प्रणालीको प्रयोग, यात्राको उद्देश्यको गहिरो छानबिन र सम्भावित मानव तस्करीका घटनाहरू पहिचान गर्न सक्ने आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको प्रयोग गर्नुपर्छ । यसले मानवीय हस्तक्षेपलाई कम गरी भ्रष्टाचारको सम्भावनालाई पनि घटाउँछ । हवाई सुरक्षाको अवधारणालाई फराकिलो बनाउनुपर्छ । यसमा विमानस्थलमा हुने मानव तस्करी जस्ता संगठित अपराधलाई पनि समावेश गर्नुपर्छ । हवाई सुरक्षाकर्मीहरूलाई यस्ता अपराधहरू पहिचान गर्न र रोकथाम गर्न विशेष तालिम दिनुपर्छ । विमानस्थलमा कार्यरत प्रत्येक कर्मचारीको गतिविधिमाथि कडा निगरानी राख्नुपर्छ । कर्मचारी प्रवेश पासको दुरुपयोग रोक्न बायोमेट्रिक प्रणाली र अनुहार पहिचान प्रविधिको प्रयोग गर्न सकिन्छ । कार्यक्षेत्रमा मोबाइल फोनको प्रयोगमा कडाइ गर्नुपर्छ र यसका लागि स्पष्ट नीति बनाउनुपर्छ ।

विमानस्थलको हरेक संवेदनशील कुनामा उच्च रिजोलुसनका सीसीटीभी क्यामेराहरू जडान गरी चौबीसै घण्टा निगरानी गर्नुपर्छ । अध्यागमन काउन्टर र अन्य संवेदनशील क्षेत्रमा अडियो र भिडियो रेकर्डिङ अनिवार्य गरिनुपर्छ । यसले कर्मचारीको गतिविधिमाथि निगरानी राख्न र कुनै पनि गैरकानूनी कार्यको प्रमाण जुटाउन मद्दत गर्छ । अध्यागमन विभाग, नेपाल प्रहरी, हवाई सुरक्षा र अन्य सम्बन्धित निकायहरू बीच समन्वय र सूचना आदानप्रदानलाई प्रभावकारी बनाउनुपर्छ ।मानव तस्करी नियन्त्रणका लागि एकीकृत कार्ययोजना बनाउनुपर्छ । विदेशमा काम गर्न जाने सोचमा रहेका नेपालीलाई मानव तस्करीका जोखिमबारे व्यापक जनचेतना र सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसमा वैध र सुरक्षित आप्रवासनका उपायबारे जानकारी गराउनुपर्छ । मानव तस्करी एक अन्तर्राष्ट्रिय समस्या भएकाले यसलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी लक्षित राष्ट्रहरू र अन्तर्राष्ट्रिय संगठनहरूसँग समन्वय र सहकार्य बढाउनुपर्छ

### अन्तर्राष्ट्रिय प्रतिष्ठा र भविष्यमा पर्ने प्रभाव

जब कुनै देशको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थल मानव तस्करी र भ्रष्टाचारको अखडा बन्छ, यसको अन्तर्राष्ट्रिय प्रतिष्ठामा गम्भीर आँच पुग्छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन र अन्य अन्तर्राष्ट्रिय नियामक निकायहरूले हवाई सुरक्षा र कानूनको शासनलाई उच्च प्राथमिकता दिन्छन् । यदि नेपालले यी समस्याहरूलाई सम्बोधन गर्न सकेन भने, यसले अन्तर्राष्ट्रिय एअरलाइन्सहरूलाई नेपालमा उडान गर्न निरुत्साहित गर्ने प्रबल सम्भावना छ ।वायुसेवा कम्पनीहरूले आफ्नो प्रतिष्ठा र यात्रुको सुरक्षालाई लिएर उठ्ने सवालहरूलाई गम्भीर रूपमा लिने गर्दछन् । बदनामीको बाटोमा गएको विमानस्थलमा उडान गर्न उनीहरू हिचकिचाउन सक्छन् । यसले नेपालको पर्यटन उद्योग, वैदेशिक लगानी र समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्छ ।

यसका साथै, अन्तर्राष्ट्रिय समुदायले नेपालमा मानव तस्करीको समस्यालाई गम्भीर तापूर्वक लिन्छ । यदि नेपालले यसलाई नियन्त्रण गर्न पर्याप्त कदम चालेन भने, यसले अन्तर्राष्ट्रिय सहायता र सम्बन्धमा समेत असर पार्न सक्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव तस्करीको समस्या र यसमा देखिएको सरकारी निकायहरूको मौनताले नेपालको समग्र सुरक्षा, सुशासन र अन्तर्राष्ट्रिय छविमा गम्भीर प्रश्नचिह्न खडा गरेको छ । यो केवल अध्यागमन वा मानव तस्करीको मुद्दा मात्र नभई समग्र हवाई सुरक्षाको विषय हो, जसले अप्रत्यक्ष रूपमा राष्ट्रिय सुरक्षामा समेत असर पार्छ । नयाँ विमानस्थल सञ्चालनमा ल्याउने राजनीतिक नेतृत्व र नेपाल नागरिक उड्डयन प्राधिकरणले पहिला विद्यमान समस्याहरूलाई समाधान गर्नुपर्छ भने अत्यावश्यक रहेको खण्डमा नयाँ कानून तर्जुमाका लागि समेत पहल गर्नुपर्छ । भ्रष्टाचारमा शून्य सहिष्णुता, प्रविधिको अधिकतम प्रयोग, अन्तर-निकाय समन्वय र कानूनको कडाइका साथ पालना गराउनु अपरिहार्य छ ।

हवाई सुरक्षाको दायरालाई फराकिलो बनाई मानव तस्करी जस्ता संगठित अपराधलाई पनि यसको प्रत्यक्ष नियन्त्रणभित्र ल्याउनु आजको आवश्यकता हो । यदि यी समस्याहरूलाई तत्काल र प्रभावकारी रूपमा सम्बोधन गरिएन भने नेपालको नागरिक उड्डयन क्षेत्रले अन्तर्राष्ट्रिय समुदायमा आफ्नो विश्वसनीयता गुमाउनेछ र यसले राष्ट्रको समग्र विकासमा गम्भीर बाधा पुऱ्याउनेछ । यो समय मौन बस्ने होइन, दृढ इच्छाशक्तिका साथ कार्य गर्ने हो । नेपालका विमानस्थलहरूलाई मानव तस्करीको अखडाबाट मुक्त गरी सुरक्षित र विश्वसनीय अन्तर्राष्ट्रिय गेटवेको रूपमा स्थापित गर्न ढिला भइसकेको छ ।

*(साभार: अनलाइनखबर)*

# घरबाटै शुरु गरौं लैंगिक समानता संस्कार

✍ अनामिका खतिवडा

नेपालीका प्राय: घरमा बिहानको शुरुवाती दृश्य नै महिलाले कुचो लगाउँदै गरेको देखिन्छ । भान्साको काममा समेत महिला नै व्यस्त रहेको देखिन्छ । घरका पुरुषहरुचाहिँ बिहानै मर्निङ वाकमा गएका वा चिया-पानी खाँदै बसेका देखिन्छन् । घर र बाहिरको काम दुवै गर्नुपर्ने अवस्था आउँदा कति कठिन हुन्छ भन्ने कुरा अब आफैं मनन गर्ने समय आएको छ । घरबाहिरको काम गर्दा थाक्ने वा गल्ने पुरुष मात्र हुन् त ? सबै परिवारमा यो यथार्थ लागू नहुन सक्छ, तर अझै पनि धेरैजसो परिवारमा यस्तै अवस्था देखिएको छ ।

एक्काइसौं शताब्दीको यो आधुनिक युगमा जब हामी समानता, स्वतन्त्रता र समृद्धिको कुरा गरिरहेका छौं, त्यही समाजभित्र छोरीहरूको अस्तित्व र अधिकार अझै पनि संकटमा परेका धेरै उदाहरण देखिन्छन् । परिवर्तनका धेरै रूप देखिए पनि मूल सोचमा जति परिवर्तन आउनुपर्ने थियो, त्यो देखिन सकेको छैन । अहिले समाजमा छोरीलाई शिक्षा दिनुपर्ने आवश्यकता बुझेका छन् । छोरीहरू पनि उच्च शिक्षा लिइरहेका छन्, जागिर गर्दै आत्मनिर्भरसमेत बनेका छन् । अभिभावकहरू छोरीको उपलब्धिमा गर्व गर्छन् । यो सकारात्मक परिवर्तन हो । तर यति परिवर्तनले मात्रै समाजमा समानता स्थापित भयो भन्नुचाहिँ अधुरो मूल्याङ्कन हुनेछ ।

आज पनि धेरै स्थानमा छोरी जन्मिनुअघि नै प्रविधिको दुरुपयोग गरेर भ्रूण परीक्षणमार्फत गर्भपतन गरिने घटनाहरू सुनिन्छन् । छोरी हुनु 'पाप' ठान्ने सोच अझै गहिरिएको छ । धर्म र संस्कृति भन्ने नाममा छाउपडीजस्ता कुप्रथाले गाउँका किशोरीहरूको ज्यान लिइरहेका छन् । विवाहपछि दाइजो नपुगेको भन्दै हिंसा गरिनु, उमेरै नपुगी विवाह हुँदा शिक्षाबाट वञ्चित हुनु, आत्मनिर्भर हुन नपाएका कारण आजीवन शारीरिक र मानसिक हिंसा सहन विवश हुनु, यी सबै घटना हाम्रो समाजमा आज पनि जिउँदै छन् ।

आज पनि एक शिक्षित व्यक्ति छोरी नहुनुलाई गर्वको विषय ठान्छन् । छोरी जन्मिएपछि अबचाहिँ छोरा नै जन्माउनुपर्छ भन्ने मानसिकता बोकेको समाज अझै पनि हाम्रो वरिपरि छ । शिक्षित र सभ्य देखिने मानिसहरूले नै यस्तो सोच राख्दा, हाम्रो चेतना कति पछि परेको छ भन्ने कुराको प्रमाण मिल्छ । यो अवस्था केवल अशिक्षाको परिणाम होइन, गहिरो संस्कारगत सोचको प्रभाव हो, जसले आजसम्म पनि छोरीलाई दोस्रो दर्जाको रूपमा हेर्ने परम्परा कायम राखेको छ ।

'छोरा भए दाइजो आउँछ र छोरी भए दिनुपर्छ' भन्ने सोच हाम्रो समाजमा गहिरोरूपमा गढेको छ । यो सोचले केवल छोरीलाई दोस्रो दर्जाको हैसियतमा राख्ने मात्र होइन, यसले सम्पूर्ण सामाजिक संरचनालाई नै असमान, अन्यायपूर्ण र हिंसात्मक बनाउँछ । तर प्रश्न उठ्छ- के मान्छेको मूल्य दाइजोले तोकिन्छ ? छोरा भएकै कारण दाइजो पाउने हकदार र छोरी भएकै कारण दाइजो दिने बाध्यता हुनु कति न्यायोचित छ ? यो सोचलाई परिवर्तन नगरेसम्म न त महिलामाथिको हिंसा अन्त्य हुन्छ, न समानता स्थापित हुन्छ । समाजमा साँच्चिकै समानता ल्याउन छोरी र छोरालाई बराबरीको दृष्टिकोणबाट हेर्न सिक्नुपर्छ । उनीहरूको लिंग होइन, व्यक्तित्व, सीप र व्यवहार नै मूल्याङ्कनको आधार हुनुपर्छ ।

अब समय आएको छ कि हामी खुलेर भन्न सकौं- 'न छोरी भार हुन्, न छोरा सम्पत्ति । दाइजोको चलन समाप्त गर्नु, समानताको पहिलो पाइला हो ।' 'छोरी भार र छोरा सम्पत्ति हुन्' भन्ने सोचले अनेकौं छोरीहरू जन्मिनुअघि नै मारिन्छन्, शिक्षा र अवसरबाट वञ्चित हुन्छन् र विवाहपछिको जीवनमा पनि दाइजो नपुगेको निहुँमा हिंसा सहन बाध्य हुन्छन् । यस्ता घटना प्राय: दबाउने प्रयास गरिन्छ । यदि बाहिर आयो भने पनि न्याय दिनुको साटो पीडितमाथि नै प्रश्न उठाइन्छ । अझ कतिपय समाजमा पीडा दिनेहरु नै 'प्रतिष्ठित' भनिने व्यक्ति वा परिवारका सदस्य हुने हुँदा पीडितलाई आवाज उठाउन झन् मुस्किल हुन्छ ।

यी समस्याले गम्भीर प्रश्नहरु खडा गर्छन्- 'के हामीले खोजेको परिवर्तन यही हो ? के छोरीलाई पढाएर मात्र हाम्रो कर्तव्य सकिन्छ ? के उनीहरूले सुरक्षित, सम्मानजनक र स्वतन्त्र जीवन जिउन पाउने सुनिश्चितता हामीले दिन सकेका छौं ? आजको परिवर्तन केवल बाह्यरूपमा देखिएको छ- आधुनिक लुगा, प्रविधिमा पहुँच, जागिर, आत्मनिर्भरता । तर चेतना, व्यवहार र सोचमा आवश्यक परिवर्तन आएको छैन । जबसम्म हामी सोच बदल्न सक्दैनौं, तबसम्म छोरीका लागि यो समाज साँच्चिकै सुरक्षित बन्न सक्दैन ।

### परिवर्तन घरमै शुरुवात गर्न आवश्यक :

समाजमा वास्तविक परिवर्तन ल्याउन कानुन र अभियान मात्र होइन, घरभित्रको सोच र व्यवहारमा परिवर्तन अपरिहार्य छ । आज पनि धेरै घरमा छोरीलाई गृहकार्य, भान्साको काम सिकाइन्छ तर उनीहरुलाई बाहिरी र स्तरीय जिम्मेवारीबाट टाढा राखिन्छ । यस्तो व्यवहारले नै भविष्यमा महिला-पुरुषबीचको भेदभावलाई बल दिन्छ । छोरीलाई मात्र होइन, छोरालाई पनि घरको आफ्नो काम आफैं गर्न सिकाउने बानीको विकास गराउनुपर्छ । जब छोराले घरको काम, जिम्मेवारी र भावनात्मक श्रमको सम्मान गर्न सिक्छ, तब मात्र बराबरी व्यवहारको संस्कार समाजमा फैलन्छ । विवाहपछि परिवारमा आउने बुहारीलाई आफ्नै छोरीसरह व्यवहार गर्न सक्ने संस्कार पनि घरबाटै शुरु हुनुपर्छ । 'यो त अर्काकी छोरी भन्ने सोचले उसलाई सधैं पराई बनाइ रहन्छ, जसले मानसिक तथा भावनात्मक हिंसा जन्माउँछ । यस्ता सूक्ष्म भेदभावलाई अन्त्य गर्न घरको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ ।

### कडा कारबाही र सामाजिक सन्देश जरुरी :

महिलामाथि हुने घरेलु हिंसा, दाइजोसम्बन्धी यातना, यौनजन्य हिंसा र मानसिक पीडाका घटनामा कानुनी कारबाही कागजमा मात्रै सीमित नहोस् । दोषीमाथि स्पष्ट र कडा सजाय व्यवहारमा समेत हुनु आवश्यक छ । यसले अन्यलाई पनि चेतावनी दिनेछ कि यस्तो व्यवहार सामाजिकरूपमा स्वीकार्य छैन । अन्याय गर्नेहरूलाई कानुनी सजाय मात्र होइन, सामाजिकरूपमा पनि जवाफदेही बनाउनु आवश्यक छ । जब अपराधी सार्वजनिकरूपमा चिनिन्छ तब त्यस्तो सोच राख्ने आफैं सिक्न थाल्छ कि अब यस्तो गल्ती सजिलै माफ हुँदैन ।

### निष्कर्ष :

समानताको शिक्षा विद्यालयले दिन सक्छ, कानुनले अधिकार सुनिश्चित गरिदिन सक्छ, तर मानवता र व्यवहारको संस्कार भने घरबाटै शुरु हुन्छ । जब हरेक घरले छोरी र छोरालाई समान व्यवहार गर्न थाल्छ, जब बुहारीलाई आफ्नै छोरीजस्तो माया दिन थाल्छ, जब हिंसा गर्नेलाई सजाय दिने संस्कार विकास हुन्छ, तब मात्र हामीले समान र सुरक्षित समाज निर्माण गर्न सक्नेछौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# वीरगञ्जमा समुदायस्तरमै फैलियो हैजा, ४२ जनामा संक्रमण पुष्टि, १२९ अस्पताल भर्ना



काठमाडौं/वीरगञ्जमा हैजाको संक्रमण समुदायस्तरमै फैलिएको छ । शुक्रबार राति वीरगञ्ज महानगरपालिका-१२ स्थित मुर्ली टोलका बासिन्दामा संक्रमण देखिएपछि स्वास्थ्यकर्मीको टोली परिचालन भएको थियो । शनिबारसम्म आइपुग्दा वीरगञ्ज महानगरपालिका वडा नम्बर ११, १३ र १६ सम्म हैजाको संक्रमण फैलिएको पुष्टि भएको महानगरका स्वास्थ्य शाखा प्रमुख साजु साहले संचारकर्मीलाई जानकारी दिए ।

साहका अनुसार शनिबार साँझसम्म वीरगञ्जका विभिन्न अस्पतालमा उपचाररत बिरामीमध्ये ४२ जनामा हैजा संक्रमण पुष्टि भएको छ भने १२९ जना बिरामी उपचाररत छन् । साहका अनुसार मुर्ली टोलमा करिब ३० जना स्थानीयलाई झाडापखालाको लक्षण देखिएपछि उनीहरूलाई तराई अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालले उपचाररत बिरामीमा हैजाको संक्रमण आशंका गर्दै वीरगञ्ज महानगरको स्वास्थ्य शाखालाई खबर गरेको थियो ।

लगत्तै नारायणी अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा परीक्षण गर्दा तीन जनामा हैजाको जीवाणु 'भिब्रियो कोलेरा' पुष्टि भएको साहले बताए । साहका अनुसार वीरगञ्जका नारायणी अस्पताल, वीरगञ्ज हेल्थकेयर, तराई अस्पताल लगायत स्वास्थ्य संस्थाहरूमा झाडापखालाका बिरामीको चाप बढिरहेको छ । 'शनिबारसम्म झाडापखालाकै कारण २ जनाको मृत्यु भएको जानकारी आएको छ, तर ती मृत्यु हैजाकै कारण भएको वा नभएको पुष्टि भने हुन बाँकी छ,' साहले संचारकर्मीसँग भने ।

जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत जयमोद ठाकुरका अनुसार, पर्सा जिल्लामा पछिल्लो १० वर्षयता पहिलो पटक हैजाको प्रकोप देखिएको हो । 'भिब्रियो कोलेरा' नामक जीवाणु दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गरेपछि हैजा लाग्ने गर्दछ । यस रोगका लक्षणमा निरन्तर झाडापखाला लाग्ने, वान्ता हुने, पेट दुख्ने, आँखा गाडिने, शरीरमा पानीको कमी भई मांसपेसी दुख्ने र ज्वरो आउने जस्ता समस्या देखिने गर्छन् । समयमै उपचार नपाए संक्रमितको मृत्यु समेत हुन सक्छ ।

ठाकुरले भने, 'हैजाको लक्षण देखिएका दुई जनाको मृत्यु भएको छ । एक जना पोखरिया नगरपालिका-९ की महिला र वीरगञ्ज महानगरपालिका-१२ का पुरुष बिरामीको मृत्यु भएको छ । उनीहरूको परिवारले दिएको जानकारी अनुसार उनीहरूमा झाडापखालाको लक्षण थियो । तर हैजाकै कारण नै उनीहरूको मृत्यु भएको भनेर भन्न सकिँदैन ।' १२९ जना बिरामी मध्ये शनिबार साँझसम्म ४२ जनामा हैजाको संक्रमण पुष्टि हुनु महामारीको रूप भएको ठाकुर बताउँछन् ।

ठाकुर भन्छन्, '२८ साउनमा मुर्ली क्षेत्रका स्थानीयमा फाट्फुट्ट झाडापखालाको लक्षण भएका बिरामी देखा परेका थिए । विस्तारै यो संख्या बढ्दै गयो । झाडापखाला देखिएका व्यक्तिहरूको आरडीटी परीक्षण गर्दा हैजाको संक्रमण पुष्टि भयो ।यो संख्या शनिबार साँझसम्म आइपुग्दा ४२ जनामा संक्रमण पुष्टि भइसकेको छ । यो महामारीको रूप नै हो ।'

हैजाको संक्रमण देखिएका ११ ठाउँका पानीका नमुना परीक्षणका लागि काठमाडौंको टेकुस्थित स्वास्थ्य विज्ञान प्रयोगशालामा पठाइएको उनले बताए । विशेषज्ञहरूले दूषित पानी पिउँदा र अस्वस्थकर खाना खाँदा हैजा फैलिने बताउँदै सरसफाइमा विशेष ध्यान दिन सुझाव दिएका छन् । हाल वीरगञ्जको विभिन्न बस्तीमा वर्षात्को ढल र खानेपानी मिसिने समस्या देखिएकाले महामारी फैलिएको अनुमान गरिएको छ । संक्रमण फैलने खतरालाई मध्यनजर गर्दै वीरगञ्ज महानगरले खानेपानीमा क्लोरिन हाल्ने, उमालेर मात्र खाने, र सफा खानेपानी प्रयोग गर्ने आग्रह गरेको छ । यससँगै स्वास्थ्यकर्मीहरूले समुदायस्तरमै घर-घर सचेतना अभियान सञ्चालन गर्दै हात धुने बानी, सफा खानेपानी, र व्यक्तिगत सरसफाइमा ध्यान दिन जनतालाई आग्रह गरिरहेका छन् ।

### महानगरले थाल्यो आपतकालीन अभियान

शनिबार वीरगञ्ज महानगरपालिकाले वीरगञ्जमा सञ्चालित अस्पतालका सञ्चालकहरूसँग हैजा प्रकोप रोकथामबारे छलफल गरेको छ । बैठकमा हैजा संक्रमण नियन्त्रणमा थप सतर्कता अपनाउने निर्णय भएको छ । महानगर प्रमुख राजेशमान सिंहले संक्रमणको फैलावट रोक्न र संक्रमित वडाका बासिन्दालाई सुरक्षित राख्न सबै जनशक्ति, साधन र स्रोत परिचालन गर्न निर्देशन दिएका छन् । मेयर सिंहले प्रभावित क्षेत्रमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने बताए ।

मेयर सिंहका अनुसार महानगरले ३२ वटै वडाका स्वास्थ्यकर्मीलाई तत्काल बोलाएर संक्रमित क्षेत्रमा प्राथमिकताका आधारमा परिचालन गरेको छ भने आकस्मिक अवस्था व्यवस्थापनका लागि स्वास्थ्यकर्मी, औषधि, एम्बुलेन्स तथा अन्य सवारीसाधन पनि स्ट्यान्डबाइमा राखिएको छ । अहिले वीरगञ्ज महानगरपालिका १ देखि १६ नम्बर वडा बढी जोखिमयुक्त क्षेत्र मानिएको छ ।

जहाँ घर-घरमै टोली पुगेर सचेतना फैलाउने, सरसफाइमा जोड दिने र उपचारमा ल्याउने कार्य भइरहेको महानगरले जनाएको छ । यसै क्रममा महानगरले हेल्प डेस्क र सूचना केन्द्र समेत स्थापना गरेर संक्रमण नियन्त्रणलाई सहज बनाउने पहल गरेको छ । यसमार्फत नागरिकलाई हैजासम्बन्धी जानकारी, उपचारका लागि आवश्यक समन्वय, र आपतकालीन सम्पर्क सुविधा उपलब्ध हुने व्यवस्था मिलाइएको छ, जसले समुदायस्तरमै निगरानीलाई अझ प्रभावकारी बनाउने अपेक्षा महानगरको छ ।

हैजाको प्रकोप रोकथाम र नियन्त्रणका लागि महानगरपालिकाले सञ्चालन गरेको आपतकालीन अभियानलाई प्रभावकारी बनाउन महानगर प्रमुख सिंहले शनिबार अस्पतालमै पुगेर बिरामीहरूको अवस्था बुझ्नुका साथै जनशक्ति परिचालनको कामलाई निरन्तर मनिटरिङ गरिरहेका छन् । शनिबार दिउँसो उनी नारायणी अस्पताल पुगेर त्यहाँका बिरामीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए । नारायणी अस्पतालमा हाल ३३ जना झाडापखालाका बिरामी उपचाररत छन्, जस मध्ये १३ जनामा हैजाको पुष्टि भइसकेको छ ।

शनिबार साँझ उनी बिरामीहरूको अवस्था बुझ्न वीरगञ्ज हेल्थकेयर अस्पताल पुगेका थिए । सो अस्पतालमा हाल १४ भन्दा बढी झाडापखालाका बिरामी उपचाररत छन् । हैजाको प्रकोप रोकथाम गर्न महानगरले प्रभावित क्षेत्रमा २५ वटा स्वास्थ्य टोली परिचालन गरेको छ । टोलीहरूले घर घरमै पुगेर पानी शुद्धीकरणका उपायहरू सिकाउँदै, क्लोरिन हालेर मात्रै पिउन आग्रह गर्दै जनचेतना जगाइरहेको मेयर सिंहले संचारकर्मीलाई जानकारी दिए ।

प्रभावित बस्तीका नालामा महानगरले औषधि छर्कने अभियान पनि सञ्चालन गरेको छ । महानगर प्रमुख सिंहले झाडापखलाका बिरामीलाई अस्पतालसम्म पुऱ्याउनका लागि एम्बुलेन्ससहितका सवारी साधनलाई पनि तयारी अवस्थामा राखेको बताए । उनले भने, 'हैजाको प्रकोप नियन्त्रणका लागि कुनै कसर बाँकी नराखी चनाखो भएर बस्न सरोकार पक्ष सबैलाई निर्देशन दिएको छु, सबैको सहयोग लिँदै महानगर यो संकटलाई नियन्त्रणमा लिन पूर्ण प्रतिबद्ध छ ।'

मुर्ली टोलका घरहरूमा प्रयोग भइरहेको पिउने पानीको नमुना थप परीक्षणका लागि काठमाडौंको टेकुस्थित स्वास्थ्य विज्ञान प्रयोगशालामा पठाइएको जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत साहले बताए । शंकास्पद बिरामी भेटिए तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजान आग्रह गरिएको उनले बताए । महानगरले हैजाबाट जोगिनका लागि सबैलाई विशेष सतर्कता अपनाउन आह्वान गरेको छ । उमालिएको वा निर्मलीकरण गरिएको पानी मात्र पिउन, तरकारी तथा हरियो सागपात उमालेको पानीले पखालेर मात्र पकाएर खान, बासी खाना नखान, राम्ररी नपकाएको मासु वा माछा नखान, साबुनपानीले पटक-पटक हात धुन, खानपिनका भाँडाकडा सफा राख्न र सफा शौचालय प्रयोग गर्न अनुरोध गरिएको छ । हैजा एक गम्भीर संक्रामक रोग भएकाले यसको रोकथाममा कुनै पनि प्रकारको लापरवाही नगर्न महानगर प्रमुख सिंहको आग्रह छ ।

(स्रोत: अनलाइनखबर)

# हेटौंडामा टिभिएसको विशेष एक्सचेञ्ज म्यानिया सञ्चालन हुने

साझाकुरा संवाददाता




हेटौंडा, ७ भदौ/ टिभिएसको नेपालका लागि आधिकारिक बितरक जगदम्बा मोटर्स प्रालिले हेटौंडामा टिभिएसको विशेष एक्सचेञ्ज म्यानिया सञ्चालन गर्ने भएको छ ।

हेटौंडाको रानीदरबार अगाडि रहेको टिभिएसको आधिकारिक सर्भिस सेन्टर हेटौंडा अटो मार्टको आयोजनामा कफीबार अगाडि विशेष एक्सचेञ्ज म्यानिया हुने हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । एक्सचेञ्ज म्यानिया भदौ ८ देखि १३ गतेसम्म ६ दिन संचालन हुने संचालक बरुवालले बताए । उनले एक्सचेञ्ज म्यानियामा जुनसुकै पुरानो मोटर साइकलको कम्तिमा ३० हजार मूल्यांकनसहित १० हजार थप मूल्यांकन गरिने बताए ।

मोटरसाइकल तथा स्कुटर खरिदमा कम्तिमा ८ हजार छुटका साथै शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दी सुबिधा रहेको हेटौंडा अटो मार्टले जनाएको छ । विशेष एक्सचेञ्ज म्यानिया कार्यक्रमअन्तरगत मोटरसाइकल वा स्कुटर खरिद गर्नेलाई हेलमेट, बाईक कभर निशुल्क उपलब्ध गराईनुका साथै सवारीसाधनको लाईफटाईम वारेन्टीको व्यवस्था रहेका हेटौंडा अटोमार्टका अर्का सञ्चालक कञ्चन बुढाथोकीले बताए ।

टिभिएसका नयाँ मोडल उपलब्ध टिभिएसको विशेष एक्सचेञ्ज म्यानिया कार्यक्रममा केही नयाँ मोडलहरु समेत सार्वजनिक हुदैंछन् । जस अन्तरगत रोनिन अनलिमिटेड मोर्डन, मिडनाईट ब्लु रंगको मोटरसाईकलको बुकिङ खुल्ला गरेको छ । जसको मूल्य ४ लाख ५९ हजार ९०० रहेको हेटौंडा अटोमार्टले जनाएको छ । यसैगरी एन्ट्रक स्कुटर दुई नयाँ रंगमा उपलब्ध रहेको अटोमार्टले जनाएको छ । फिरोजी निलो (समुन्द्री नीलो) र नार्डो खैरो रंगमा उपलब्ध स्कुटरको मूल्य २ लाख ८२ हजार ९०० रहेको छ ।

त्यस्तै ६० किलोमिटर माईलेज भएको जुपिटर ११० सिसिको स्कुटर पनि एक्सचेन्ज क्याम्पमै उपलब्ध हुने अटो मार्टले जनाएको छ । जसको मूल्य २ लाख ५७ हजार ९०० रुपैयाँ रहेको टिभिएसले जनाएको छ । टिभिएसले ग्राहकको सहजताको लागि नागरिकताको प्रमाणपत्र र लाइसेन्सको आधारमा सरल किस्ताबन्दी सुविधा उपलब्ध गराएको छ ।

# भौतिक मन्त्रालयको ४ बुँदे निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले आफ्नो मातहतका कार्यालयहरुलाई ४ बुँदे निर्देशन जारी गरेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै मन्त्री डा.दिनेशचन्द्र देवकोटाले मन्त्रालयको कामकारवाहीलाई फरक र पृथक दृष्टिकोणबाट अघि बढाउने घोषणा गर्दै विभिन्न निर्णय तथा निर्देशन जारी गरेका हुन् । मन्त्रालयका प्रवक्ता भुपेन्द्रकुमार यादवका अनुसार मन्त्रालयले २०८१ साउन २७ गते मन्त्री पदबहाली भएको दिनदेखि नै कार्यान्वयन कार्यालयलाई ४ बुँदे निर्देशन जारी गरेको हो । निर्देशनअनुसार उपभोक्ता समिति मार्फत् हुने विकास निर्माणकार्यमा उठ्दै आएका प्रश्नलाई सम्बोधन गर्दै अबदेखि मितव्ययिता, गुणस्तर, दिगोपन, रोजगारी सृजना, श्रममूलक कार्य र जनसहभागिता सुनिश्चित हुने गरी मात्र उपभोक्ता समितिबाट खरिद प्रक्रिया अघि बढाइनेछ ।

सम्भव भएसम्म यस्तो कार्यलाई निरुत्साहित गरिने मन्त्रालयले जनाएको छ । त्यसैगरी, प्रदेश सरकारले लगानी गरेका संरचनामा नागरिकबीच अन्यौलता रहँदै आएको अवस्थालाई हटाउन अबदेखि निर्माण/सञ्चालन हुने सम्पूर्ण संरचनामा प्रादेशिक चिन्ह अंकित गर्नुपर्ने व्यवस्था गरिएको छ । सरकारी वा सामुदायिक भवन, सभाहल, पार्कजस्ता सार्वजनिक संरचना निर्माण गर्दा जग्गाको स्वामित्व स्पष्ट हुनुपर्ने र स्थानीय मौलिक वास्तुकलालाई झल्काउने ढाँचामा डिजाइन/निर्माण गरिने पनि निर्देशनमा उल्लेख गरिएको छ ।

विगतमा जलवायु प्रकोपका कारण पूर्वाधारमा हुने क्षति कमगर्ने उद्देश्यले मन्त्रालयले 'जलवायु उत्थानशील पूर्वाधार निर्माण' गर्ने दिशामा कार्य अघि बढाएको छ । यसका लागि विषयविशेषज्ञमार्फत् अध्ययन अनुसन्धान गराई आवश्यक मापदण्ड तयार गर्ने कार्य अघि बढेको सडक, पुल तथा अन्य पूर्वाधार महाशाखाप्रमुख प्रतिभा न्यौपानेले जानकारी दिइन् । पूर्वाधार विकाससँगै व्यवस्थित वस्ती विकास र फोहरमैला व्यवस्थापनका लागि मन्त्रालयले दुईवटा छुट्टाछुट्टै 'विशेषज्ञ कार्यदल (टास्क फोर्स)' गठन गरी अध्ययन प्रतिवेदन तयार गर्ने कार्य सुरु भएको छ ।

महाशाखा प्रमुखसमेत रहेका प्रवक्ता यादवका अनुसार यसबाट मन्त्रालयको आगामी कार्यदिशा स्पष्ट हुने अपेक्षा गरिएको छ । यातायात पूर्वाधार विकास निर्देशनालयका निर्देशक सीडीई नवीनकुमार सिंहका अनुसार मन्त्रालयले विकास निर्माणलाई नागरिकको प्रत्यक्ष जीविकोपार्जनसँग जोड्ने, दिगो पूर्वाधारमार्फत् जीवनस्तर सुधार गर्ने र दीर्घकालीन सोचसहित बार्षिक कार्यक्रमलाई समानान्तररुपमा अघि बढाउने तयारी गरेको छ ।

मन्त्री देवकोटाले मन्त्रालयको प्राथमिकतामा दिगोपन, स्थानीय मौलिकता, प्रादेशिक पहिचान र नागरिकसरोकारलाई केन्द्रमा राखिएको स्पष्ट पारेका छन् ।

# धर्म प्रचारका नाममा नेपालमा लाखौं लगानी गर्दै टर्की

काठमाडौं/ललितपुरको धोबिघाटमा रहेको एउटा होस्टलमा अनौठो गतिविधि भइरहेको भन्दै अध्यागमन विभागले करिब एक महिना अघि सूचना पायो । भर्खरका किशोरकिशोरीहरुको आउजाउ भइरहने, ठूल्ठूला धार्मिक पुस्तक बोकेर विदेशी हिँड्ने गरेको विवरण विभागका अधिकारीहरुसम्म पुगेको थियो ।

'विभिन्न प्रकारका भिसामा नेपाल आएका विदेशी त्यसअनुसारका गतिविधि गरिरहेका छन् कि छैनन् भन्ने निगरानी गर्ने जिम्मेवारी हाम्रै हो,' अध्यागमन महानिर्देशक रामचन्द्र तिवारी भन्छन्, 'त्यसैले सूचना प्राप्त हुनासाथ सुक्ष्म अनुगमनका लागि टोली खटाएका थियौं ।' प्रारम्भिक जाँचमा प्राप्त सूचना अनुसार होस्टलमा किशोर किशोरीलाई राखेर इस्लाम धर्म प्रचार भइरहेको देखिएपछि विभागका निर्देशक टिकाराम ढकाल नेतृत्वको टोली बुधबार शंकास्पद गतिविधि भएको भनिएको स्थानमा पुग्यो ।

जिल्ला प्रहरी परिसर, ललितपुरका प्रमुख श्यामकृष्ण अधिकारीले समेत यो टोलीलाई सहयोग गर्न प्रहरी खटाए । जब प्रहरी र अध्यागमन विभागका अधिकारीहरु हिमालय शिक्षा तथा हितेसी समाज नामक बोर्ड भएको घरको गेटबाट माथि प्रवेश गरे, त्यसबेला केही बालबालिकाहरुलाई कुअरान पढाउँदै गरेको देखियो । सामान्यत: मदरसाहरुले शिक्षा मन्त्रालयबाट अनुमति लिएरै नेपाली पाठ्यक्रमसँगै कुरआन पढाउँछन् ।

तर, त्यहाँ नेपाली पाठ्यक्रमको कुनै पढाइ भएको थिएन, धार्मिक ज्ञान मात्र दिने काम भइरहेको अधिकारीहरु बताउँछन् । पढ्ने विद्यार्थी पनि कतिपय हिन्दु धर्मसँग जोडिएकाहरु थिए ।

### अनाथ बालबालिका ल्याएर कुरआन पढाइ

'परिवारको आर्थिक पृष्ठभूमि एकदमै कमजोर भएका बालबालिकालाई कपिलवस्तु, सर्लाही, रौतहट, नेपालगञ्ज, दाङ लगायतका जिल्लाबाट सम्पर्क गरेर ल्याएको पाइयो,' त्यहाँ पुगेका एक अधिकारीले संचारकर्मीसँग सुनाए, 'कतिपय बालबालिका त आमाबुबा नभएकाहरु पनि थिए ।' विभागका निर्देशक ढकालका अनुसार, केही विदेशी नागरिकहरु देखेपछि उनीहरुको पृष्ठभूमिबारे सोधपुछ गरिएको थियो । 'राहदानीसहितका कागजात पनि मागेका थियौं, त्यसक्रममा इन्डोनेसियाको नागरिक भएको खुल्यो,' उनले भने।

विद्यार्थीलाई पढाइरहेका नेनेङ सिती मसपुपाह, तर्सिया आनन्दा तौफिक र मग्फिराह फाजिरा जाफ्नो अबिल्जरसँग काम गर्ने स्वीकृतिसहितको भिसा थिएन । 'पर्यटक र अध्ययन भिसा लिएर काम गर्नु अध्यागमन ऐन विपरित थियो, त्यसैले नियन्त्रणमा लिएर विभागको हिरासतमा राख्यौं,' ढकालले सुनाए, 'संस्थाका अध्यक्षसँग समेत सोधपुछ गरिरहेका छौं ।' स्रोतका अनुसार, हिमालय शिक्षा तथा हितेसी समाज नामक संस्था सैयद असरफ शाह नामक व्यक्तिले चलाउँदै आएका छन् । आफूलाई व्यवसायी बताउने उनले आफू संस्थाको अध्यक्ष भए पनि शिक्षकहरुलाई नचिन्ने दाबी गरेका छन् । 'कुअरान सिकाउँदा टर्कीबाट पैसा आउँछ, उनीहरुले नै पढाउने मान्छे पठाउने हुन्,' उनले भनेका छन्, 'अहिले करिब ५० जनाले कुअरान पढिरहेका छन् ।'

उनीसँग सोधपुछ गर्ने क्रममा यही संस्थाको नाममा ललितपुरकै ज्वागलमा केटाहरुका लागि समेत होस्टल चलाउने गरेको खुल्यो । त्यहाँ समेत शुक्रबार विभागका अधिकृतहरुले छापा मारेका छन् । त्यसक्रममा मुहामद रहमत रिजिक पनि पर्यटक भिसामा आएर पढाइ रहेको भेटिएपछि पक्राउ परेका छन् । 'दुवैतिर पढ्ने विद्यार्थीको पृष्ठभूमि उस्तै प्रकृतिको पाइएपछि विस्तृत छानबिन सुरु भएको छ,' विभागका अधिकारीहरु भन्छन् । उनीहरुले विद्यार्थी पढाउन ५ तलाको घर भाडामा लिएको भेटिएको निर्देशक ढकाल बताउँछन् । संस्थाका अध्यक्ष सैदयले आफूले समाज कल्याण परिषद्मा दर्ता गरेर संस्था चलाइरहेको बताएका छन् । तर, अन्य कागजातहरु परीक्षण भइरहेका छन् ।

### टर्किस संस्थाका गतिविधि निगरानीमा

उनले बयानका क्रममा टर्कीको संस्था 'साहा एगितम कुतलुर भे दोस्तलुक देरनेगी', साहा इन्टरनेश्नल र बेलायतको एउटा संस्थाबाट प्रत्येक वर्ष अढाइ करोड रुपैयाँ प्राप्त हुने गरेको बताएका छन् । त्यो रकम बैंकिङ च्यानल वा कुन माध्यमबाट आउँथ्यो भन्ने खुलिसकेको छैन ।

देरनेगी र साहा इन्टरनेशनल टर्कीमा आधारित इस्लाम धर्म प्रचारक संस्था भएको उनले विभागका अधिकारीहरुसँग बताएका छन् । इन्टरनेटमा ती संस्थाबारे विस्तृतमा भेटिँदैनन् । इस्तानबुलमा केन्द्रीय कार्यालय भएको साहा इन्टरनेशनल नामक एउटा संस्थाको एउटा वेवसाइटमा चाहिँ यसलाई मावतावादी संगठनका रुपमा चिनाइएको छ । बेलायतमा रहेको अर्को संस्थाबाट समेत सहयोग प्राप्त हुने भनिए पनि त्यसको विवरण प्राप्त भएको छैन । प्रारम्भिक जाँचमा अधिकांश रकम टर्कीबाटै आउने गरेको देखिएको अधिकृतहरु बताउँछन् ।

सन् २०१४ मा टर्कीको राष्ट्रपति निर्वाचित भएपछि रजेप तैयप एर्दोगानले विदेशमा धार्मिक र सांस्कृति पहुँच विस्तारलाई विदेश नीतिको एउटा अंग बनाएका थिए । त्यसपछि टर्कीले नेपालसहित मुस्लिम जनसंख्या भएको दक्षिण एसियाली मुलुकमा धर्म प्रचारमा सहयोग गर्दै आएको छ । राष्ट्रिय अनुसन्धान विभाग (राअवि) का एक उच्च अधिकृतका अनुसार, खासगरी इस्लामी विश्वको नेतृत्वका लागि टर्की, साउदीसहितका खाडी मुलुकबीच तीव्र प्रतिष्पर्धा छ । त्यस्तोमा टर्की इस्लामी धर्म प्रचारमा विभिन्न देशमा लगानी लगेर आफ्नो सौम्य शक्ति विस्तार गर्न चाहन्छ ।

'जतिसुकै संख्या भए पनि मुस्लिम समुदायको वसोवास भएको अधिकांश स्थानमा टर्कीले लगानी विस्तार गरेको छ,' ती अधिकृत भन्छन्, 'त्यसक्रममा नेपाल पनि उनीहरुको नजरमा परेको छ ।' तर, कतिपय देशहरुले भने धर्म प्रचारका लागि भन्दै खोलिएका टर्कीका संस्था आतंकवादसँग जोडिएको भन्दै प्रतिबन्ध समेत लगाएका छन् ।

दक्षिण छिमेक भारतको बाह्य गुप्तचर निकाय रिसर्च एण्ड एनालाइसिस विङ (रअ) ले टर्कीका कतिपय त्यस्ता संस्थालाई कशिमरमा इस्लामी प्रभाव विस्तार गर्ने गतिविधि गरेको आरोपमा निगरानी राखेको अधिकृतहरु बताउँछन् ।

नेपालमा चाहिँ टर्कीको आईएचएच नामक संस्थाले विगतमा कुरानको नेपाली अनुवाद परियोजनामा सहयोग गरेको छ भने भूकम्पपछि नेपालमा मस्जिद निर्माणमा सहयोग गरेको छ । भूकम्पपछि राहत परियोजनामा समेत यो संस्था जोडिएको छ । यही संस्थालाई इजरायलले चाहिँ हमास (जसलाई उसले आतंकवादमा संलग्न रहेको आरोप लगाउँछ) लाई सहयोग गरेको आरोपमा प्रतिबन्ध लगाएको थियो । जर्मनले पनि हमाससँगै जोडेर यसको गतिविधिमा प्रतिबन्ध लगाएको थियो ।

नेपालमा टर्की दियानेट फाउन्डेसनले समेत धार्मिक गतिविधि गरिरहेको देखिने अधिकृतहरु बताउँछन् । पश्चिमा अधिकारीहरुले यो संस्थालाई टर्कीको धार्मिक एजेण्डा फैलाउने माध्यम भएको आरोप लगाउँछन् । तर, नेपालले यसका गतिविधिलाई विस्तृतमा नहेरेको अधिकृतहरु बताउँछन् । स्रोतका अनुसार, नेपालमा टर्कीमा आधारित अरु केही संस्थाका गतिविधि समेत नेपालीसँगै यहाँ सक्रिय विदेशी एजेन्सीहरुको नोटिसमा रहने गर्छ । नेपाल प्रहरीको प्रतिआतंकवाद मामिलामा काम गर्ने विशिष्टकृत निकाय विशेष ब्यूरोमा लामो समय काम गरेका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) टेकप्रसाद राई नेपाल जस्तो मुलुकमा सहयोगको आवरणमा विभिन्न अवाञ्छित गतिविधि समेत हुनसक्ने भएकाले त्यसमा निगरानी हुनुपर्ने बताउँछन् ।

'कतिपय मुलुकले त्यस्ता किसिमका संघसंस्था र तिनबाट प्राप्त हुने सहयोगमा प्रतिबन्ध समेत लगाएका छन्, त्यसैले नेपालमा समेत राज्य चनाखो हुनुपर्छ,' उनले संचारकर्मीसँग भने, 'हाम्रो भूमि कुनै अवाञ्छित गतिविधिमा प्रयोग नहोस् भन्नेमा चनाखो हुनु राज्यको दायित्व पनि हो ।'

यहीबीचमा, गृह मन्त्रालयले चाहिँ विभिन्न गैरसरकारी संस्थाका नाममा लगाउने वैदेशिक सहयोगलाई निगरानी गर्ने गरी संघसंस्थासम्बन्धी विधेयक अघि बढाउन खोजेको छ । नेपालमा विदेशी चलखेलबारे निगरानी गर्न प्रतिजासुसी संयन्त्र गठन गर्ने गरी राष्ट्रिय अनुसन्धान विभागको विधेयक समेत संसद्मा पेश गर्ने तयारी सरकारले गरिरहेको छ ।

(स्रोत: अनलाइनखबर)

# वाइसिएलद्वारा राक्सिराङ अस्पतालमा सरसफाई अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/नेकपा माओवादी केन्द्रको भातृसंगठन योङ कम्युनिस्ट लिग (वाइसिएल) नेपालले मकवानपुरको राक्सिराङ गाउँपालिकास्थित राक्सिराङ आधारभूत अस्पताल परिसरमा सरसफाई गरेको छ ।

शनिबार बिहान ९ बजेदेखि १२ बजेसम्म अस्पताल परिसर सरसफाइका साथै फोहोर व्यवस्थापन गरिएको हो । वाइसिएल नेपालले देशैभरि विभिन्न सार्वजनिकस्थल, मठमन्दिर, नदी किनारा, विद्यालय तथा अन्य सार्वजनिक स्थानमा सरसफाइका साथै विभिन्न सामाजिककार्यमा सक्रियरुपमा श्रमदान गर्दै आएको छ । सोही कार्यप्रतिको निरन्तरतास्वरुप, राक्सिराङ गाउँपालिकाको ५ नम्बर वडामा रहेको आधारभूत अस्पतालको परिसरलाई सफा र व्यवस्थित बनाउने उद्देश्यले यो अभियान सञ्चालन गरिएको वाइसिएल जिल्ला अध्यक्ष मुक्ति लामाले बताएका छन् ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका बागमती प्रदेश सचिवालय सदस्य वीरबहादुर घलान 'ज्वाला', प्रदेश समिति सदस्य एवम् राक्सिराङ गाउँपालिका उपाध्यक्ष वनस्तम थिङ, पार्टी जिल्ला समन्वय समिति सदस्य एवम् ८ नम्बर वडाअध्यक्ष युसाई प्रजालगायत करीब ६५ जनाको सहभागिता रहेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सेनाको व्यवस्थापनमा सञ्चालित आयोजनाको प्रगति शतप्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय प्राथमिकता प्राप्त सडक करिडोर तथा अन्य पूर्वाधार आयोजनामा आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यअनुसारको प्रगति हासिल भएको छ ।

सेनाको व्यवस्थापनमा रणनीतिक महत्वका कोशी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर, बेनिघाट-आरुघाट-लार्के भञ्ज्याङ सडक आयोजनामा वार्षिक लक्ष्यअनुसार शतप्रतिशत प्रगति हासिल भएको रक्षा मन्त्रालयले जनाएको छ । राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, राष्ट्रिय चुरे-तराई/मधेश संरक्षण र बंकर टु व्यारेक कार्यक्रममा पनि सोहीअनुसार नतिजा प्राप्त भएको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिए ।



राष्ट्रिय गौरवको आयोजनामध्ये सर्वाधिक महत्वको 'काठमाडौं-तराई/मधेश द्रूतमार्ग सडक आयोजना'को प्रगति भने गत आर्थिक वर्षमा ६७ दशमलव ५ प्रतिशतमा सीमित भएको छ । द्रूतमार्गको प्रस्थान विन्दुदेखि ६.५ किमिसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थानविन्दु र सवारी अवागमन सम्बन्धमा निर्णय नहुँदा आयोजनाको भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्त हुन नसकेको मन्त्रालयले जनाएको छ ।

कोशी करिडोरअन्तर्गत खाँदबारी-किमाथांका (च्याम्ताङ-घोंप्पा) सडक आयोजनाअन्तर्गत् १० दशमलव ५१, कर्णाली करिडोरको (घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला) सडक आयोजनाको दुई दशमलव पाँच र लाँलीबगर-दुल्लीकुनाको ११ किलोमिटर सडकको ट्र्याक खोलिसकेको छ । कर्णाली करिडोर को बोक्चेगौंडा र भीरगौंडामा दुई/दुईसय मिटर तथा याङ्चुभीर मा ४०० चारसय मिटर लम्बाइको सडक निर्माण र खार्पुनाथस्थित चुवाखोलामा बेलिब्रृज निर्माण सम्पन्न भएको छ ।

यस्तै बेनीघाट-आरुघाट-लार्केभञ्जयाङ् सडक आयोजनामा दुई दशमलव पाँच किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ । महाकाली करिडोरअन्तर्गत दार्चुला-टिंकर सडक आयोजनाअन्तर्गत् गत आवसम्ममा १७ दशमलव ५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । यस्तै दार्चुला-टिंकर सडकखण्डमा दुई दशमवल तीन किलोमिटर नयाँ ट्र्याक निर्माण भएको मन्त्रालयले जनाएको छ । भौगोलिक कठिनाइ भएका स्थानमा सडक पूर्वाधार निर्माणमा संलग्न नेपाली सेनाका एकसय आठ सकल दर्जाले वीरगती प्राप्त गरेका छन् ।

निर्माण सम्पन्न भएका त्रिशुली-सोमदाङ सडक आयोजनामा १२, कटारी-ओलखढुंगा सात, बेनी-जोमसोम १८, कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला) ६२, नाग्मा-गमगढी एक, बेशीसहर-चामे तीन र जाजरकोट-डोल्पा एक गरी एकसय चार जनाले वीरगती प्राप्त गरेका छन् । ती सडक आयोजना निर्माणका क्रममा गैरसैनिकतर्फ २४ जनाले ज्यान गुमाएका छन् । हाल निर्माणाधीन सडक आयोजनातर्फ कर्णाली करिडोरमा चारजना सैनिक र निर्माणाधीन विभिन्न सडक आयोजनामा २८ जना गैरसैनिकको क्षति भएको छ । बंकरदेखि व्यारेक कार्यक्रम अन्तर्गत गत आवमा विभिन्न ७३ वटा संरचना निर्माण भएका छन् ।

सोही कार्यक्रमअन्तर्गत् एक हजार नौसय ९५ संरचना निर्माण गर्न बाँकी रहेको सेनाले जनाएको छ । यस्तै रणनीतिक महत्वको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्माणमा पनि गत आवमा शतप्रतिशत सफलता प्राप्त भएको वार्षिक प्रगतिमा उल्लेख छ । विश्वविद्यालयको भौतिक संरचनाको निर्माणलाई निरन्तरता दिने लक्ष्य राखिएको आयोजनाको समष्टिगत भौतिक प्रगति ७४ दशमवल ०४ प्रतिशत र वित्तीय प्रगति ७४ दशमलव ०२ प्रतिशत रहेको छ ।

काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकास्थित पेरुङ्गेडाँडामा निर्माण भइरहेको विश्वविद्यालयको भौतिक पूर्वाधार, कानुन र पाठ्यक्रम निर्माण अन्तिम चरणमा पुगेको छ ।

# जनताको शिर झुक्नेगरी काम गर्दिनः मन्त्री अधिकारी



साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीले जनताको शिर झुक्नेगरी आफूले कुनै गतिविधि नगर्ने बताएका छन् ।

नेपाली कांग्रेस धादिङ-पोखरा सम्पर्क समितिले आयोजना गरेको ११ औं साधारणभेला तथा तीज विशेष कार्यक्रम उद्घाटन गर्दै मन्त्री अधिकारीले यस्तो बताएका हुन् । उनले नेपाली कांग्रेसलाई बलियो, सुदृढ र जनमुखी बनाउन सम्पर्क समितिको योगदान महत्वपूर्ण रहेको बताए । मन्त्री अधिकारीले पार्टीलाई आन्तरिक एकता, अनुशासन र संगठन विस्तारको खाँचो रहेको बताए । उनले तीजपर्वले नेपाली महिलाबीच आपसी सद्भाव, मेलमिलाप र संस्कृतिको संरक्षणमा ठूलो भूमिका खेलेको उल्लेख गर्दै यसलाई उत्सवमात्र नभई सामाजिक एकताको प्रतीकका रुपमा मनाउन आग्रह गरे ।

मन्त्री अधिकारीले पार्टीको जय नेपाल र चारतारे झण्डाको महत्वबारे पनि व्याख्या गर्दै भने, 'जय नेपाल केवल एउटा नारामात्र होइन, राष्ट्रिय एकता र लोकतान्त्रिक आन्दोलनको ऐतिहासिक धरोहर हो, यस नाराले प्रत्येक नेपालीलाई स्वतन्त्रता, समानता र स्वाधीनताको भावनासँग जोड्दछ ।' यही नारा नेपाली कांग्रेसले जनतालाई अधिकार दिलाउने अभियानमा शक्ति र प्रेरणा बनेको उनले स्पष्ट पारे ।

उनले चारतारे झण्डा कांग्रेसको पहिचान र संघर्षको प्रतीक भएको उल्लेख गर्दै भने, 'यसको चार वटा चन्द्राकार चिन्हले लोकतन्त्र, समाजवाद, राष्ट्रियता र कांग्रेसप्रतिको निष्ठा जनाउँछ, यो झण्डा हाम्रो आदर्श, मूल्य र आन्दोलनको प्रतीक हो ।' यसलाई अगाडि लिएर नेपाली कांग्रेसले देशमा प्रजातन्त्र ल्याउन र संस्थागत गर्न महत्वपूर्ण योगदान गरेको उनले बताए । उनले थपे, 'जय नेपालको नारामार्फत् र चार तारे झण्डाको आत्मासँगै नेपाली कांग्रेस सधैं जनताको पक्षमा उभिएको छ र आगामी दिनमा पनि लोकतन्त्र र सामाजिक न्यायको संरक्षणका लागि अग्रसर रहनेछ ।'

उनले थपे, 'समितिले सुरुदेखि नै पार्टीलाई सशक्त बनाउन, आपसी सहयोग र सद्भाव बढाउन तथा लोकतन्त्र र सामाजिक न्यायको पक्षमा आवाज उठाउँदै आएको छ, यही निरन्तर यात्राले समिति आज मजबुत र प्रभावशाली बनेको छ ।' नेपाली कांग्रेस पोखरा-५ का सभापति प्रकाश कोइरालाले धादिङ-पोखरा सम्पर्क समितिले निरन्तर गर्दै आएको सक्रियता र योगदानको प्रशंसा गरे । कार्यक्रममा लोकदोहोरी गायिक सीता न्यौपाने, गायक प्रदीप अर्याललाई सम्मान गरिएको थियो भने उत्कृष्ट तीजगीत प्रस्तुत गर्ने प्रमिला बुढाथोकीलाई पुरस्कृत गरिएको थियो ।

# अस्पताललाई सबै लायन्सले अपनत्व लिऔंः डिजि बस्नेत

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडा-९ कर्रामा रहेको लायन्स क्लब अफ हेटौंडाको निर्माणाधीन अस्पताललाई बिश्वभरका लायन्सहरुले अपनत्व लिनुपर्नेमा शुक्रबार हेटौंडामा आयोजित कार्यक्रमका बक्ताहरुले जोड दिएका छन् ।



लायन्स क्लब अफ हेटौंडाको आयोजनामा भएको डिजि क्लब भिजिट कार्यक्रमलाई सम्बोधन गर्दै लायन्स क्लब ईन्टरनेशनल ३२५ एसका डिष्ट्रिक डाईरेक्टर बिनय बस्नेतले यस्तो आग्रह गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि रहेका बस्नेतले ४८ वर्ष पुरानो क्बलले निकै पछि भएपनि एउटा उदाहरणीय काम गर्न सफल भएकोमा खुशी ब्यक्त गरे । यो एलसी हेटौंडाले सुरुवात गरेको भएता पनि यसलाई पूर्णता दिनको लागि देशभरका लायन्स क्लबले अपतत्व लिन र सञ्चालनमा पनि हातेमालो गर्न सुझाव दिए ।

उनले लायन्स ईन्टरनेशनल बाट पनि अस्पतालको उपकरणहरुको लागि ग्राण्टको लागि पहल गरिने प्रतिवद्धता जनाए । कार्यक्रमलाई सम्बोधन गर्दै पिडिजि राजकुमार सिन्धीले आफ्नो कार्यकालमा सुरु गरको वेलफेयर सेन्टरले अहिले मुर्तरुप पाएकोमा खुशी लागेको बताउंदै निर्माणाधीन अस्पतालका परिकल्पनाकार सुदर्शन अधिकरीको योगदानको कदर गर्दै आफूले पनि अस्पताल निर्माणमा ५ लाख सहयोग गर्ने घोषणा गर्ने बताए ।

लायन्स क्लबका पूर्वडिष्ट्रिक गर्भनर शम्भु नकर्मीले निर्माणाधीन अस्पतालको शीघ्र निर्माण र सञ्चालनको लागि हेटौंडामा रहेका लायन्स क्लबहरुले पनि हातेमालो गर्न आग्रह गरेका थिए । यसैगरी निर्वतमान गर्भनर तासीडोल्मा तुम्बाहाम्फेले आफ्नो कार्यकालमा पनि अस्पतालको प्रश्ताव ईन्टरनेशनलमा पठाएकोमा प्राबिधिक कारणले पास हुन नसकेकोले आगामी वर्षमा पुनः ईन्टरनेशनल ग्राण्डको लागि प्रश्ताव पेश गर्न सुझाव दिइन् ।

लायन्स क्लब अफ हेटौंडाका अध्यक्ष रामकृष्ण चौलगाईको अध्यक्षातमा भएको कार्यक्रममा क्लबका प्रथम उपाध्यक्ष बिके महर्जनले लायन्स क्लबको ईतिहास र लायन्स ॠतम्भरा बैकल्पिक स्वास्थ्य प्रतिष्ठान द्वारा सञ्चालनमा आउन लागेको पुनर्नवा अस्पतालको निर्माण योजना, सञ्चालनबिधि र आगामी योजनाको बारेमा प्रस्तुतीकरण गरेका थिए ।

# इन्दिर डल्लाकोटी र पवित्रा विश्वकर्मालाई जागरुक महिला सम्मान प्रदान



साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित रेडियो मकवानपुरको आयोजनामा जागरुक महिला सम्मान तथा तीज विशेष कार्यक्रम गरिएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा शनिबार कार्यक्रम भएको हो । यसवर्षको 'जागरुक महिला सम्मान २०८२' इन्दिरा डल्लाकोटी र पवित्रा विश्वकर्मालाई प्रदान गरिएको छ । डल्लाकोटी हाम्रो घर नामक संस्थामार्फत् अभिभावकविहीन बालबालिकाको संरक्षणमा सक्रिय रहँदै आएकी छिन् । यस्तै दलित महिला संघकी केन्द्रीय कोषाध्यक्ष विश्वकर्मालाई दलित समुदायको हकअधिकार स्थापित गर्ने कार्यमा सक्रिय योगदानका लागि सम्मान गरिएको हो ।

दुबै जनालाई जनही नगद १० हजार रुपैयाँ र सम्मानपत्र प्रदान गरिएको रेडियो मकवानपुरका स्टेशन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए । रेडियो सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा दिव्यतारा बहुउद्देश्यीय सहकारीमा अध्यक्ष गणेश बल लामा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेलगायतले मन्तव्य राखेका थिए ।

# रचना तेक्वान्दो डोजाङका जुनियर खेलाडीको ग्रेडिङ

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/रचना तेक्वान्दो डोजाङका जुनियर खेलाडीको ग्रेडिङ सफलतापूर्वक सम्पन्न भएको छ । हेटौंडा-६ रामनगरस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयको खेलमैदानमा प्रशिक्षण लिइरहेका जुनियर खेलाडीको शनिबार ग्रेडिङ भएको हो ।



ग्रेडिङ सेतो पेटीदेखि रातो पेटीसम्मका खेलाडीको लागि आयोजना गरिएको थियो । ग्रेडिङ कार्यक्रममा १२ जना जुनियर खेलाडीले आफ्नो दक्षता र सीप प्रदर्शन गर्दै प्रमोसनका लागि प्रतिस्पर्धा गरेका थिए । समाजसेवी कृष्णप्रसाद दुलालको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा जिल्ला तेक्वान्दो संघ मकवानपुरका सदस्य तथा राष्ट्रिय तेक्वान्दो रेफ्री पवन अवस्थीको विशेष उपस्थिति रहेको थियो ।

ग्रेडिङमा सहभागी खेलाडीको नतिजा छिट्टै घोषणा गरिने प्रशिक्षक ईश्वर श्रेष्ठले बताएका छन् । डोजाङले स्थान अभावका कारण विद्यालयको खुल्लामैदानमा तेक्वान्दो सिकाइरहेको छ । तेक्वान्दो खेलको विकासका लागि वडा तहबाट नै सहयोगको खाँचो रहेको प्रमुखअतिथि दुलालले बताए ।

# म यस्तो गीत गाउँछु जुनियर समापन

साझाकुरा संवाददाता

हेटौंडा, ७ भदौ/हेटौंडास्थित ड्रीम्स म्युजिक स्कुल प्रालिले आयोजना गरेको म यस्तो गीत गाउँछु जुनियर प्रतियोगिताको समापन गरिएको छ ।

कार्यक्रममा प्रथम, द्वितीय, तृतीय क्रमश सुलज्ञाराज्यलक्ष्मी शाह, सुज्यैना गहतराज, आर्मन कार्कीलाई नगदसहित पुरस्कृत गरिएको हो ।

हेटौंडा उपमहानगर पालिका-४ नम्बर का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रतियोगिताका निर्णायक गायक ईश्वर खड्का, सुनिता शर्मा लुइँटेल, सुभाष गहतराज, देवेन्द्र कार्कीलगायत विभिन्न बिधाका ब्यक्ति सम्मानित भएका थिए । यस्तै म्युजिक स्कुलले डान्स मेरो मनको सिजन १ प्रतियोगिता गर्ने भएको छ ।

हेटौंडाको प्रत्येक स्कुलमा गएर विद्यार्थीको अडिसन लिने र प्रतिभावान विद्यार्थीबीच प्रतिस्पर्धा गराउने ड्रीम्स म्युजिक स्कुलका संचालक अनन्त खुलालले जानकारी दिए ।

हेटौंडामा हुने प्रतियोगितामा ६ सय जना विद्यार्थीबाट छनोट गरी नृत्य प्रतियोगितामा सहभागी गराइने खुलालले बताए । यस्ता कार्यक्रमले बालबालिका, प्रतिभावान ब्यक्तिको प्रतिभा प्रस्फुटन हुने वडाध्यक्ष सिग्देलले बताए । गायक तथा संगीतकार खड्काको भनाईअनुसार यस्ता प्रतियोगिताले आफूमा भएको प्रतिभा चिन्न सजिलो हुन्छ । प्रतिभा उजागर गर्न यस्ता कार्यक्रमले मद्दत गर्छ ।

बाढीबारे चासो राखौं, चनाखो बनौं

बाढी र डुबान हुनुपूर्वको तयारीः

- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका ढुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं.
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थापा पाईराखौं,
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३